नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## बोलपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१।०५।०३)

यस अस्पतालको प्रयोगशाला विभागमा प्रयोग हुने Vacutainer बोलपत्र को माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट तपशिल वमोजिमको शर्तहरुको अधिनमा रहि रित पूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१) बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकासित भएको मितिले वोलपत्र दस्तुर रु.१५१०।- (फिर्ता नहुने) यस अस्पतालको राष्ट्रिय वाणिज्य वैंक भरतपुरमा रहेको चल्ती खाता नं. ९६७ मा जम्मा गरी ३०औं दिन भित्र आ.व. २०६९/०७० को कर चुक्ता प्रमाण-पत्र सहित नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ ।

२) खरीद भएको बोलपत्र सूचना प्रथम पटक प्रकासित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR Upload गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रको हकमा ३१ औं दिनको २ बजे यस अस्पतालमा बोलपत्र दाताको रोहवरमा खोलिनेछ । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कायम हुनेछ ।

३) बोलपत्र दर्ता गर्दा जमानत वापतको बोलकवोल रकमको ३ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा बाणिज्य बैंकबाट जारी भएको विड वण्ड upload गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संम्भौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस अस्पतालको नाममा बाणिज्य बैंकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिको सिफारीसमा पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्न सकिने छ । साथै बोलपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्र दाताले कवोल गरेको दररेटमा मालसामान उपलब्ध गराउनुपर्नेछ ।

६) Expiry Date उल्लेख हुने मालसामानहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको सामान स्वीकार्य हुनेछैन ।

७) बोलपत्र दाताले आफुले पेश गरेको बोलपत्रमा ठेक्का नं. र सप्लाई गर्न चाहेको समानको नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ ।

९) बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दररेटमा कुनै परिवर्तन गरिने छैन ।

१०) सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएपछि गरिनेछ सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टा गरी दिइनेछ ।

११) बोलपत्र दाताले कवोल गरेको दररेटमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ ।

१२) वोलपत्र दाताले यस अस्पतालको website मार्फत upload गरेको कागजातहरुको Hardcopy वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट ५ दिन भित्र अस्पतालमा पेस गर्नुपर्नेछ अन्यथा मुल्याङ्कनमा समावेस गर्न अस्पताल वाध्य हुने छैन ।

१३) बोलपत्र फाराम पेश गर्दा अस्पतालको स्वीकृत कुल लागत अनुमान भन्दा बोलपत्र दाताले पेश गरेको जम्मा बोलकबोल अंक घटी भएतापनि कुनै आइटमहरुको हकमा अस्वभावीक दररेट पेश गरेको देखिएमा उक्त बोलपत्रदाताको एकमुष्ट टेण्डर स्वीकृत नगरी आंशिक रुपमा मात्र स्वीकृत गर्न सकिने छ । साथै त्यस्ता आइटमहरु सबैभन्दा घटी दररेट पेश गर्ने अन्य प्रतिस्प्रर्धी ठेकेदारहरुले पेश गरेको बोलपत्र मध्येबाट स्वीकृत गर्न सकिनेछ ।

१४) संभौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१५) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१६) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

***तपशिल***

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ११/०७१/०७२ | प्रयोगशाला विभागमा आवश्यक Vacutainer | कबोल अंकको ३% | १५१०। |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## बोलपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१।०५।०३)

यस अस्पतालको प्रयोगशाला विभागमा प्रयोग हुने Vacutainer बोलपत्र को माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट रित पूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्बन्धी विस्तृत जानकारीको लागि यस अस्पतालको Web site http//www.**bharatpurhospital.gov.np** मा हेर्न सकिनेछ ।

*तपशिल*

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ११/०७१/०७२ | प्रयोगशाला विभागमा आवश्यक Vacutainer | कबोल अंकको ३% | १५१०। |

प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट